वर्ष ३१ अंक ७७

# लेखापरीक्षण पत्रिका

## A NEPALESE JOURNAL OF GOVERNMENT AUDITING




महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौ
नेपाल

## संरक्षक



महालेखापरीक्षक
श्री भानुप्रसाद आचार्य

## ; Dkfbs -d08n

| | |
|---|---|
| **संयोजक** | श्री विमला सुवेदी |
| **सदस्य** | श्री शुकदेव खत्री |
| **सदस्य** | श्री रमा दुलाल |
| **कार्यकारी सम्पादक** | श्री घनश्याम पराजुली |
| **सह–सम्पादक** | श्री कल्पना अर्याल |
| **सह–सम्पादक** | श्री सन्तोष सापकोटा |

**कम्प्युटर संयोजन/सेटिङ्ग**

**श्री सुशिल काफ्ले**

बितरण व्यवस्था

श्री उर्मिला उप्रेती, श्री बद्रीनाथ अधिकारी

ठेगाना :
सम्पादक मण्डल
लेखापरीक्षण पत्रिका
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं, नेपाल ।

**Addres**
Editorial Boa
Nepalese Journal of Government Auditi
Office of the Auditor Gener
Babarmahal, Kathmandu, Nep

शुल्क: १ प्रतिको रु.५०।–

# सम्पादकीय

कुनै पनि संस्थाको सफलता वा असफलतालाई सो संस्थामा कार्यरत पदाकिारीको योग्यता, क्षमता, कार्यकुशलता तथा दूरदृष्टिताले निर्धारण गरेको हुन्छ । त्यसमा पनि संस्थाको प्रमुखले मातहत पदाधिकारीहरूको कार्यकुशलता जगाई संस्थाप्रति इमान्दार रनिष्ठावान बनाउन अग्रणी भूमिका निर्वाह गर्दै संस्थाको लक्ष्य प्राप्तितर्फ सबैलाई परिचालित गर्दछ । संस्थाप्रमुखले निकायमा अन्तर्वैयक्तिक सम्बन्धका साथसाथैसूचना र निर्णयसँग सम्बन्धित भूमिकानिर्वाह गरेको तथा गराएको हुन्छ । सर्वोच्च लेखापरीक्षण संस्थाको सन्दर्भमा संस्था प्रमुखले संस्थाको गन्तव्य, लक्ष्य, मूल्य र मान्यता एवं लेखापरीक्षण मानदण्ड तर्जुमा गर्ने, रणनीतिक रुपमा योजना तयार गरी निर्देशन जारी गर्ने, जोखिमहरू पहिचान गरी निवारण गराउने जस्ता भूमिकाहरू निर्वाह गरेको हुन्छ ।

सर्वोच्च लेखापरीक्षण संस्थाको रणनीतिक योजनाले पनि संस्थाका दूरदृष्टि, गन्तव्य एवं मूल्य र मान्यताहरूतय गरेको हुन्छ । महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजनाले सुशासन प्रबर्द्धनका लागि स्वतन्त्र, सक्षम र प्रभावकारी लेखापरीक्षण संस्थाको रुपमा स्थापित हुने दूरदृष्टि राखी सार्वजनिक श्रोतको प्रभावकारी व्यवस्थापनका लागि मुलुकलाई गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने गन्तव्य राखेको छ। यसका लागि स्वन्त्रता, इमान्दारिता, विश्वसनीयता, व्यवसायिकता एवं सार्वजनिक हितमा सेवा प्रदान गर्ने मूल्य मान्यता राखेको छ । रणनीतिक योजना कार्यान्वयनबाट ती दूरदृष्टि, गन्तव्य एवं मूल्य मान्यता प्रदान गर्न संस्था प्रमुखको नेतृत्व अत्यावश्यक रहेकोमा नेपालका नवौं महालेखापरीक्षक अवकाश भएको ६ वर्ष ४ महिनासम्म कार्यालय नेतृत्वविहीन रहन गयो ।

कार्यालयको संवैधानिक नेतृत्वविहीनताकोअवस्थामा विभिन्न चुनौतीहरूको बाबजुद पनि महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको ढाँचामा परिमार्जन गरिएको, वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ९ महिनाभित्र पेश गर्न शुरु गरी निरन्तरता दिइएको, कार्यालयमा कार्यरत कर्मचारीहरूको मनोबल उच्च राख्न कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली कार्यान्वयनमा ल्याइएको, कार्यालयको कार्यसम्पादन गर्न वार्षिक लेखापरीक्षण योजना तथा निकायगत लेखापरीक्षण योजना एवं स्थलगत सुपरीवेक्षणको ढाँचा कार्यान्वयन गरिएको, रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्न शुरु गरिएको, सरोकारवालाहरूसँगको सम्बन्धमा सुधार भएको छ भने कार्यालयको विद्यमान कार्यप्रणालीमा समसामयिक सुधार गर्न संस्थागत सुदृढीकरण आयोजना समेत कार्यान्वयनमा ल्याइएको छ ।

पहिलो रणनीतिक योजना (२०१०-२०१२) बाट सिकिएका पाठहरू, लेखापरीक्षणको सन्दर्भमा अन्तर्राष्ट्रियस्तरमा विकसित मान्यताहरू, कार्यालयका सरोकारवालाका अपेक्षासमेत समावेश गरी दोश्रो रणनीतिक योजना (२०१३-२०१५) कार्यान्वयनमा आएको छ। यसमा कार्यालयको स्वतन्त्रता सुदृढ गर्ने, लेखापरीक्षण सेवाको गुणस्तरमा थप सुधार गर्ने, लेखापरीक्षणको पेशागत क्षमता अभिबृद्धि गर्ने, सङ्गठनात्मक कार्यदक्षता सुदृढ गर्ने र लेखापरीक्षणको प्रभाव एवं सञ्चार प्रणालीमा सुधार गर्ने रणनीतिक लक्ष्यअन्तर्गत २२ उद्देश्यसहित १३३ क्रियाकलापहरू पहिचान गरी त्यसको कार्यान्वयन गर्न करिब १ अर्ब १५ करोड ६ लाख ५० हजार बजेट लाग्ने प्रक्षेपण गरिएको छ।

दोश्रो रणनीतिक योजना स्वीकृत भई कार्यान्वयनमा रहँदैगर्दा कार्यालयले लामो समयको अन्तरालपछि सर्वोच्च नेतृत्व अर्थात महालेखापरीक्षक पाएको छ। यसले रणनीतिक योजना कार्यान्वयन गर्न निर्देश गर्ने, सर्वोच्च नेतृत्वबाट कार्यालयको दूरदृष्टि, गन्तव्य एवं मूल्य र मान्यताहरू प्राप्त हुनेतर्फ विश्वस्त तुल्याएको छ। यसका लागि कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी एवं कार्यालयको कामसँग सरोकार राख्ने सबैले सक्रिय तथा सार्थक सहयोग गर्नुपर्ने देखिन्छ।

धन्यवाद

# लेखापरीक्षण पत्रिका

## A NEPALESE JOURNAL OF GOVERNMENT AUDITING

वर्ष ३१ | २०७० आषाढ | पूर्णाङ्क ७७
Year 31 | 2013 June | No. 77

## विषय सूची



| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| | **नेपाली खण्ड** | | |
| १ | सार्वजनिक खरिद र आर्थिक कार्यविधिबीचका समन्वयात्मक पक्ष | जनकराज गौतम | १ |
| २ | बेरुजु फछ्र्यौटको प्रयास र उपलब्धि | ईश्वरप्रसाद न्यौपाने | ९ |
| ३ | लेखापरीक्षण : हिजोको इतिहास र आजको आवश्यकता | रमा दुलाल | १९ |
| ४ | नेपालमा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय मानदण्ड कार्यान्वयनसम्बन्धी व्यवस्था | राममायाँ कुँवर | २५ |
| ५ | आलोचनाको चौघेराभित्र कार्यमूलक लेखापरीक्षण | दामोदर पुडासैनी 'किशोर' | ३३ |
| ६ | बैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरूको लेखाङ्कन एवं प्रतिवेदन प्रणाली | घनश्याम पराजुली | ४१ |
| ७ | आन्तरिक नियन्त्रण प्रणाली र नेपालको अवस्था | कृष्णप्रसाद ज्ञवाली | ५३ |
| ८ | नेपालको सन्दर्भमा सम्पत्ति शुद्धीकरण समस्या, चुनौती र समाधान | भूमिराज आचार्य | ५९ |
| ९ | भुक्तानीमा कर कट्टी : नेपालको सन्दर्भ | टीकानाथ अर्याल | ६७ |
| १० | सार्वजनिक प्रशासनमा सुशासन | सन्तोष सापकोटा | ७७ |
| ११ | एकल खाता कोष प्रणाली : एक परिचय | वैभवदीप श्रेष्ठ | ८५ |
| १२ | आर्थिक प्रशासनको गन्तव्य | वसन्त कोइराला | ९३ |
| १३ | नेपालको आर्थिक प्रशासनमा संलग्न निकायहरू | शङ्कर ढकाल | ९९ |
| १४ | व्यवस्थापन परीक्षण र निजामती सेवामा यसको अभ्यास | पर्शुराम पोखरेल | १०५ |
| १५ | सार्वजनिक खरिद व्यवस्थापन : चुनौती र सम्भावनाहरू | टीकाराम ढकाल | १११ |
| १६ | मदिराको अन्तःशुल्क प्रशासन | माधवकुमार वाग्ले | ११९ |
| | **English Section** | | |
| १७ | Human Behaviors and Managerial Ethics | Sukadev Khatri | १३५ |
| १८ | Collaboration between Supreme Audit Institution and Civil Society | Iswarraj Shrestha | १४५ |
| १९ | Performance Audit Practice: Challenges and Opportunities in the Perspective of Nepal | Maheshwar Kaphle | १५५ |
| २० | Roles of ISSAI Facilitators for ISSAI implementation in OAG Nepal | CA Baikuntha Adhikari | १६३ |
| २१ | Performance Audit in Public and Private Sector | Thabaraj Adhikari | १६९ |
| २२ | Audit and Privatization | Ramchandra Poudel | १७७ |
| २३ | Corporate Governance & the Major Codes of Governance in the World | Achyut Pant | १८५ |
| २४ | महालेखापरीक्षकको पचासौं वार्षिक प्रतिवेदनको सारसंक्षेप | | १९१ |
| २५ | ISSAI Implementation Initiative - 3i Programme Statement of Commitments | | १९७ |
| २६ | कार्यालय गतिविधि | | २०१ |
| | **परिमार्जित लेखा ढाँचाहरू** | | |
| २७ | म.ले.प.फा.नं. १३, २०४, २०८, २०९, २१०, २११ र २१३ | | २१४ |

# महालेखापरीक्षकको पचासौं
# वार्षिक प्रतिवेदन-२०६९ को सारसंक्षेप

आर्थिक वर्ष २०६८।६९ (२०६८ श्रावण १ गतेदेखि २०६९ आषाढ मसान्तसम्म) मा भए गरेका आर्थिक कारोबारको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३, लेखापरीक्षण ऐन, २०४८ र अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष कार्यवाहक महालेखापरीक्षक श्री विमला सुवेदीले २०६९।१२।२९ मा महालेखापरीक्षकको पचासौं वार्षिक प्रतिवेदन पेश गर्नुभयो ।



उक्त प्रतिवेदनमा समावेश भएका व्यहोराहरूमध्ये निम्नलिखित महत्वपूर्ण अंश पाठकहरूको जानकारीको लागि प्रस्तुत गरिएको छ :

१. सर्वोच्च अदालत, व्यवस्थापिका-संसद, संवैधानिक निकायहरू, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, अदालत लगायतका सबै सरकारी कार्यालयहरूसमेत यो वर्ष ३ हजार ७०८ कार्यालयको रु. ७ खर्ब ४२ अर्ब ५९ करोड ४३ लाख, नेपाल सरकारको पूर्णस्वामित्व भएका ८८ सङ्गठित संस्था तर्फ रु. ९ खर्ब ७१ अर्ब ७९ करोड ४ लाख, विकास समिति ऐन, २०१३ अन्तर्गत गठित समिति र कानुनद्वारा तोकिएका विश्वविद्यालय, प्रतिष्ठान आदि समेत ९०१ को रु.६२ अर्ब ११ करोड ५६ लाख र जिल्ला विकास समिति ७३ को रु.६८ अर्ब १५ करोड ९२ लाख समेत रु.१८ खर्ब ४४ अर्ब ६५ करोड ९५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

२. योप्रतिवेदन अवधिमा १५ मन्त्रालय अन्तर्गत २७ विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ । त्यस्तै विभिन्न ७ निकायले प्रयोगमा ल्याएका ४ सफ्टवेयरको सूचना प्रविधि लेखापरीक्षण र वनक्षेत्रमा वातावरणीय ऐन नियमको पालनाबारे ५ जिल्लामा सञ्चालित एक कार्यक्रमको मूल्याङ्कन गरी वातावरणीय लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. आर्थिक बर्ष २०६८।६९ को बजेट अनुमान रु.३ खर्ब ८४ अर्ब ९० करोड रहेकोमा रु. ३ खर्ब ३९ अर्ब १६ करोड खर्च भएको छ ।यो वर्ष नेपाल सरकारको स्रोतबाट रु. २ खर्ब ८५ अर्ब ११ करोड ३१ लाख खर्च हुने अनुमान गरिएकोमा रु. २ खर्ब ८७ अर्ब २७ करोड ४१ लाख खर्च भएको छ । त्यस्तै वैदेशिक अनुदानतर्फ २० निकाय र मन्त्रालयअन्तर्गत रु. ७० अर्ब १३ करोड २८ लाख प्राप्त हुने अनुमान भएकोमा रु. ४० अर्ब ८१ करोड ३ लाख (५८.१९ प्रतिशत) प्राप्त भएको छ भने वैदेशिक ऋणतर्फ १२ निकाय र मन्त्रालयअन्तर्गत रु. २९ अर्ब ६५ करोड ४१ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु. ११ अर्ब ८ करोड ३० लाख (३७ प्रतिशत) प्राप्त भएको छ ।

४. यो वर्ष रु. २ खर्ब ४७ अर्ब ७० करोड ३१ लाख राजस्व असुल गर्ने अनुमान भएकोमा रु. २ खर्ब ४७ अर्ब १७ करोड ३५ लाख (अनुमानको ९९.७९ प्रतिशत) असुल भएको छ । गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली २३.७० प्रतिशतले बढेको देखिन्छ ।

५. आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरा लेखापरीक्षणद्वारा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरिएको छ । सरकारी निकायको जवाफदेहिता, वित्तीय कारोबारको स्वच्छता र अनुशासनको स्तर मापन गर्ने औजारको रुपमा समेत बेरुजुलाई लिने गरिएको छ । सरकारी कार्यालय, सङ्गठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितिहरूले उपर्युक्तबमोजिम कामकारबाही नगरेकोले असुल फछ्र्यौट गर्नुपर्ने तथा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम देहायअनुसार रु. २ खर्ब ४ अर्ब २५ करोड ७४ लाख रहेको छ ।

(रु. लाखमा)

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | सरकारी कार्यालयको फछ्र्यौट गर्न बाँकी बेरुजु | ६६,२६,३८ |
| २ | अन्य संस्था, समिति र जिल्ला विकास समितिको बेरुजु | ३७,४५,१८ |
| ३ | लेखापरीक्षण बक्यौता | ३,१६,४८ |
| ४ | राजस्व बक्यौता | ७३,१६,८६, |
| ५ | शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान | १६,०८,८३ |
| ६ | शोधभर्ना लिन बाकी वैदेशिक ऋण | ६,०६,५८ |
| ७ | जमानत बसी दिएको ऋणको भाखा नाघेको सावा ब्याज | २,०५,४३ |
| | **जम्मा** | २,०४,२५,७४ |

उपरोक्त रकममा आर्थिक वर्ष २०५९।६० सम्मको बेरुजुको लगत बेरुजु फछ्र्यौट समितिमा हस्तान्तरण भई गएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार उक्त लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण भई गएकोले सो अवधिको बेरुजु रकम समावेश छैन । जिल्ला विकास समितिको हकमा यो वर्षको मात्र बेरुजु रकम समावेश छ । सार्वजनिक संस्थानहरूको लेखापरीक्षणबाट देखिएको बेरुजुको लगत राख्ने एवं सम्परीक्षण कार्य यस कार्यालयबाट नहुने भएकोले माथि अङ्कमा समावेश छैन ।

६. आर्थिक कार्यविधि ऐन, २०५५ मा बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्कीसमेत ३ वर्गमा वर्गीकरण गरिएको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेश्कीलाई कर्मचारी पेश्की र अन्य पेश्की गरी २ समूहमा विभाजन गरी वर्गीकरण गरिएको छ। यो वर्ष सरकारी कार्यालय, समिति र अन्य सस्थाको लेखापरीक्षणबाट औंल्याइएको बेरुजु निम्नानुसार छ।

(रु. लाखमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था र जिल्ला विकास समिति | जम्मा |
|---|---|---|---|
| **जम्मा बेरुजु** | **२७,९६,९६** | **७,१०,५५** | **३५,०७,५१** |
| **१. असुल गर्नुपर्ने** | **३,३८,३३** | **५१,६४** | **३,८९,९७** |
| **२. नियमित गर्नुपर्ने** | **१०,७७,४९** | **५,७०,०२** | **१६,४७,५१** |
| अनियमित भएको | १,९५,६४ | २,९१,२४ | ४,८६,८८ |
| प्रमाण कागजात पेश नभएको | ८,५१,०० | २,६६,०९ | ११,१७,०९ |
| जिम्मेवारी नसारेको | ९८ | ० | ९८ |
| शोधभर्ना नलिएको | २९,८७ | १२,६९ | ४२,५६ |
| **३. पेश्की** | **१३,८१,१४** | **८८,८९** | **१४,७०,०३** |
| कर्मचारी पेश्की | १४,५२ | ४,५१ | १९,०३ |
| अन्य पेश्की | १३,६६,६२ | ८४,३८ | १४,५१,०० |

७. यो वर्ष सरकारी कार्यालय, सङ्गठित संस्था, समिति तथा अन्य संस्था र जिल्ला विकास समिति समेतको रु. १८ खर्ब ४४ अर्ब ६५ करोड ९५ लाखको लेखापरीक्षण सम्पन्न भएकोमा रु. ४८ अर्ब ६ करोड २४ लाख बेरुजु देखिन आएको छ। सोमध्ये प्रतिवेदन अवधिसम्म रु. १२ अर्ब ९८ करोड ७३ लाख (कुल बेरुजुको २७.०२ प्रतिशत) सम्परीक्षण गराएकोले रु. ३५ अर्ब ७ करोड ५१ लाख बेरुजु फछ्र्यौट हुन बाँकी छ।

८. सरकारी कार्यालय, समिति तथा अन्य संस्था र जिल्ला विकास समिति समेतको यस वर्षको लेखापरीक्षणबाट रु. ३५ अर्ब ७ करोड ५१ लाख बेरुजु देखिएको छ। यस वर्षसम्मको फछ्र्यौट गर्न कुल बाँकी बेरुजु रु. १ खर्ब ३ अर्ब ७१ करोड ५६ लाख छ। यसमा सङ्गठित संस्थातर्फको बेरुजु अङ्क समावेश छैन।

९. सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु. ३ अर्ब ५८ करोड ४४ लाखमध्ये लेखापरीक्षणको क्रममा र प्रतिवेदन पठाएपछि रु. २० करोड ११ लाख असुल भई रु. ३ अर्ब ३८ करोड ३३ लाख असुल हुन बाँकी छ।

१०. सरकारी कार्यालयतर्फ गतवर्षसम्मको पेश्की रु. २४ अर्ब ३१ करोड ५६ लाख बाँकी रहेकोमध्ये रु. १० अर्ब ३९ करोड ८३ लाख (४२.७६ प्रतिशत) फछ्र्यौट गरेकाले रु. १३ अर्ब ९१ करोड ७३ लाख बाँकी रहेको छ। उक्त पेश्कीमा यो वर्ष थप भएको रु. १३ अर्ब ८१ करोड १४ लाखसमेत यो वर्षसम्म कुल पेश्की रु. २७ अर्ब ७२ करोड ८७ लाख पुगेको छ।

११. सरकारी कार्यालयतर्फ ३ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छ :

(रु. लाखमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | प्रतिशत |
|---|---|---|---|
| अठचालीसौ | ४,६७,३७,५० | १८,९२,९३ | ४.०५ |
| उनन्चासौ | ५,२७,५६,०८ | २२,५०,३७ | ४.२६ |
| पचासौं | ७,४२,५९,४३ | २७,९६,९६ | ३.७७ |

गतवर्षको तुलनामा कुल बेरुजु अङ्कबृद्धि भएता पनि लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु प्रतिशत घटेको छ। बेरुजु प्रतिशत घट्नुमा यस वर्षको पूँजीगततर्फ बजेटको तुलनामा ५६.६२ प्रतिशतमात्र खर्च हुनु पनि रहेको छ।

१२. यो वर्ष ४० इकाईको रु. ७० करोड २६ लाख र गत वर्षसम्मको रु. २ अर्ब ४६ करोड २२ लाखसमेत रु. ३ अर्ब १६ करोड ४८ लाखको आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराएका छैनन्। गत वर्षभन्दा बक्यौता रु. ३४ करोड ८७ लाखले बढेको

छ । सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ७९५ इकाईको रु. २ अर्ब ८१ करोड ६१ लाख लेखापरीक्षण बक्यौता रहेकोमा १० इकाइको रु ३५ करोड ३९ लाखको लेखापरीक्षण सम्पन्न भई २ हजार ७८५ इकाईका रु. २ अर्ब ४६ करोड २२ लाख बक्यौता छ ।

१३. यस वर्षसम्मको राजस्व बक्यौता रु. ७३ अर्ब १६ करोड ८६ लाख देखिएको छ । गतवर्षको तुलनामा यो वर्ष १५.५७ प्रतिशतले बढेको छ ।

१४. यो वर्ष यस कार्यालयले स्थलगत लेखापरीक्षणको क्रममा र बेरुजु औंल्याएपछि ३४ निकाय र मन्त्रालयले रु. २० करोड ११ लाख असुल गरेका छन् । गत विगत वर्षको लेखापरीक्षणबाट देखिएको बेरुजु सम्परीक्षणको क्रममा ३३ निकाय र मन्त्रालयले रु. ५२ करोड ३९ लाख असुल गरेको र अन्य निकायको लेखापरीक्षणबाट रु. २४ करोड ३९ लाख असुल गरेको समेत यो वर्ष लेखापरीक्षणबाट कुल रु. ९६ करोड ८९ लाख असुल भई दाखिला भएको छ ।

१५. यस वर्ष लेखापरीक्षण गर्दा मुख्यतया तोकिएको समयमा बजेट खर्च गर्ने अख्तियारी दिने नगरेको, सम्भाव्यता अध्ययनबेगर आयोजना कार्यान्वयन हुने गरेको, न्यून प्रगति भएकोमा तालुक निकायबाट कुनै कारबाही नभएको, समयमा शोधभर्ना नलिएको, तोकिएको सीमा नघाई रकमान्तर गरेको, प्राविधिक सहायता तथा अन्य सहायताको लेखापरीक्षण नगराएको, वैदेशिक ऋण दायित्वमा बृद्धि भएको, पुंजीगततर्फ आषाढ महिनामा मात्र ३४.७५ प्रतिशत बजेट खर्च गरेको, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू नगरेको, आन्तरिक लेखापरीक्षण नहुने र भएकोमा पनि विश्वसनीय नरहेको, ठेक्का व्यवस्थापन समयमा हुने नगरेको कारण समय र लागत बृद्धि हुने गरेको, खरिद प्रतिस्पर्धात्मक हुन नसकेको, सीमा नघाई कन्टिन्जेन्सी खर्च गर्ने गरेको, टुक्रा लागत अनुमान तयार गरी खरिद कार्य गराएको, मूल्य अभिबृद्धि कर राजस्व दाखिला नगरी फिर्ता दिएको, अग्रिम कर कता गर्नु पर्नेमा नगरेको, प्रतिव्यक्ति ऋण दायित्व रु. १९ हजार ७४८ पुगेको जस्ता समान प्रकृतिका बेरुजुहरू देखिएका छन् ।

१६. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी मन्त्रालयले आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष ३९ निकायमध्ये १७ निकायअन्तर्गतका कार्यालय एवं आयोजनालाई २०६९ आषाढ महिनामा मात्र रु. ७ अर्ब २६ करोड ३२ लाखको अख्तियारी दिएको छ ।

१७. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(५) मा समयमा वैदेशिक सहायता शोधभर्ना माग गरे नगरेको अनुगमन गरी लेखाउत्तरदायी अधिकृतले शोधभर्नाको स्थितिको वार्षिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तदनुरुप मन्त्रालयहरूले शोधभर्नाको वार्षिक विवरण तयार गरी पेश गरेका छैनन् । यो वर्षसम्म वैदेशिक अनुदान शोधभर्ना हुने गरी १८ मन्त्रालय/निकायको १०४ कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारको स्रोतबाट खर्च गरी ४९ दाताराष्ट्र तथा संस्थाबाट शोधभर्ना प्राप्त हुनुपर्ने रु १६ अर्ब ८ करोड ८३ लाख शोधभर्ना लिन बाँकी छ । वैदेशिक ऋणतर्फ ६ अर्ब ६ करोड ५८ लाख (५२.८९ प्रतिशत) शोधभर्ना लिन बाँकी छ ।

१८. यो वर्ष ४०८ उपशीर्षकबाट रु ५१ अर्ब १४ करोड ६ लाख घटाई ५७५ उपशीर्षकमा सोही रकम बढाई औसतमा कुल व्यय अनुमानको १३.२९ प्रतिशत थपघट गरेको छ । रकमान्तरबाट थपघट गरेकोमध्ये ३४ निकाय र मन्त्रालयको लागि पुंजीगत खर्चमा रु १ खर्ब ६९ अर्ब ४ करोड २५ लाख विनियोजन भएकोमा रु. १८ अर्ब ६९ करोड ९३ लाख (११.०६ प्रतिशत) रकमान्तर गरी थप गरेको देखिएको छ । अर्थ मन्त्रालयले ३०५ चालुतर्फ २६ शीर्षकमा विनियोजन भएको रु. ५ अर्ब ४४ करोड ८८ लाखमध्ये रु. १ अर्ब ३७ करोड ८६ लाख (२५.३० प्रतिशत) विनियोजन ऐनले तोकेको सीमा नाघी रकमान्तर गरेको छ ।

१९. गत वर्षसम्म रु. ४ खर्ब ४३ अर्ब ६२ करोड ९९ लाख आन्तरिक र वैदेशिक ऋण दायित्व रहेकोमा यो वर्षको अन्त्यसम्म वैदेशिक ऋणतर्फ रु. ३ खर्ब ९ अर्ब २८ करोड ७१ लाख र आन्तरिक ऋणतर्फ रु. २ खर्ब १३ अर्ब ९२ करोड ६ लाखसमेत रु. ५ खर्ब २३ अर्ब २० करोड ७७ लाख ऋण दायित्व बाँकी रहेको छ। सो आधारमा प्रतिव्यक्ति ऋण दायित्व रु. १९ हजार ७४८ देखिन्छ।

२०. अर्थ मन्त्रालयबाट प्राप्त अख्तियारीको बुँदा २(ग) को प्रकरण ४ मा वैशाखदेखि आषाढसम्म वार्षिक विनियोजनको ४० प्रतिशत र आषाढ महिनामा २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने व्यवस्था छ। २२ मन्त्रालयअन्तर्गतका कार्यालयले कूल पुँजीगत खर्च रु. ४३ अर्ब ५९ करोड ९ लाख गरेकोमा आषाढ महिनामा रु. १५ अर्ब १४ करोड ८९ लाख (३४.७५ प्रतिशत) खर्च गरेका छन्।

२१. नेपाल सरकार र दातृ राष्ट्र निकायबीच भएको सम्झौताअनुसार आयोजना हिसाबको लेखापरीक्षण गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन दिनुपर्ने व्यवस्था छ। यो वर्ष ४१ आयोजना हिसाबको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ।

आयोजना हिसाब सम्बन्धमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएकोमध्ये विश्व बैङ्क, अन्तर्राष्ट्रिय विकास संस्थातर्फ १९, एसियाली विकास बैङ्कतर्फको १८ र अन्य दातृराष्ट्र निकायतर्फ ४ रहेका छन्। ७३ आयोजनाको लेखापरीक्षण राय उपलब्ध गराउनु पर्नेमा आयोजनाहरूले समयमा हिसाब पेश नगरेका कारण ३२ आयोजनाको प्रतिवेदन उपलब्ध गराउन सकिएको छैन।

२२. यो वर्षको बेरुजु फछ्र्यौट तथा सम्परीक्षणको प्रगतिको अवस्था निम्नानुसार छ:-

(रु. लाखमा)

| विवरण | बिगतको बेरुजु | समायोजनबाट थप | सम्परीक्षण (फछ्र्यौट) | चालु वर्षको लेखापरीक्षण बेरुजु | अद्यावधिक बाँकी बेरुजु |
|---|---|---|---|---|---|
| सरकारी कार्यालय | ५५,४४,८० | - | १७,१५,३८ | २७,९६,९६ | ६६,२६,३८ |
| सङ्गठित संस्था, समिति, अन्य संस्था | ३३,६१,०१ | १६,९४ | ३,४३,३२ | ७,१०,५५ | ३७,४५,१८ |
| **जम्मा** | **८९,०५,८१** | **१६,९४** | **२०,५८,७०** | **३५,०७,५१** | **१,०३,७१,५६** |

२३. लेखापरीक्षणबाट देखिएका उपरोक्त व्यहोराको सम्बन्धमा राजस्व र व्ययको यथार्थताप्रति संविधानले अर्थमन्त्रीलाई जिम्मेवार बनाएको सन्दर्भमा नेपाल सरकारको सञ्चितकोषको हिसाब निजबाट प्रमाणित हुने कानुनी व्यवस्था गर्नुपर्ने, सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरण प्रस्तुतीकरण गर्ने ढाँचा तयार गरी कार्यान्वयन गर्नुपर्ने, सबै सहायता बजेटमा समावेश गरी सोको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्नुपर्ने, आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनमा सबै निकायले गम्भीरता देखाउनु पर्ने, सङ्गठनात्मक संरचना, कानुनी व्यवस्था, क्षमता र पद्धति विकास गरी आन्तरिक लेखापरीक्षणलाई सुदृढ बनाइनुपर्ने, आर्थिक कारोबार भएको वर्षमै लेखापरीक्षण गर्न सबै सार्वजनिक निकायले आन्तरिक लेखापरीक्षण समयमै सम्पन्न गरी सामयिक लेखापरीक्षण कार्यमा सहयोग गर्ने वातावरण तयार गर्नुपर्ने, समयमै आयोजना हिसाब तयार गरी लेखापरीक्षण गराउने व्यवस्था मिलाउनुपर्ने, सार्वजनिक संस्थानका सञ्चालक समितिलाई जिम्मेवार बनाई दायित्व पूरा नगर्ने उपर कारबाही हुनुपर्ने, नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाको नियमनकारी निकायबाट यी संस्थाको कामकारबाहीको अनुगमन गरी लेखापरीक्षण कार्य व्यवस्थित बनाइनुपर्ने र हरेक मन्त्रालयमा कार्यविवरणसहितको लेखापरीक्षण समिति गठन गर्न आवश्यक कानुनी व्यवस्था भएमा आर्थिक अनुशासन कायम गर्न र बेरुजु फछ्र्यौट गर्न सघाउ पुग्ने देखिन्छ।

# कार्यालय गतिविधि

**१. महालेखापरीक्षक नियुक्ति**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२२ को उपधारा २ बमोजिम संवैधानिक परिषदको सिफारिशमा कौशलटार, भक्तपुर निवासी श्री भानुप्रसाद आचार्य नेपालको महालेखापरीक्षक पदमा नियुक्ति हुनुभएको छ । मिति २०७० बैशाख २५ गतेका पद बहाली गर्नुहुने उहाँ नेपालको १० औं महालेखापरीक्षक हुनुभएको छ ।



*नवनियुक्त महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पद तथा गोपनियताको सपथ ग्रहण गर्नुहुँदै*



*नवनियुक्त महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य पदवहाली गर्नुहुँदै*

**२. गोष्ठीमा सहभागिता**

सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अर्न्तराष्ट्रिय सङ्गठन (INTOSAI) ले मार्च ५ देखि ८ मार्च, २०१३ मा अष्ट्रियाको भियनामा आयोजना गरेको Audit and Counseling by SAIs: Risks and Opportunities, as well as Posibilities for Engaging Citizensविषयक गोष्ठीमा कार्यवाहक महालेखापरीक्षक श्री विमला सुवेदी सहभागी हुनुभयो ।

**३. प्रतिनिधि मण्डलको भ्रमण**

सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली सङ्गठन (ASOSAI) र इन्टोसाई डेभलपमेन्ट इनिसियटिभ (IDI) को संयुक्त आयोजनामा कम्बोडियाको फेनम पेथमा २०१३ फेब्रुअरी २७ देखि मार्च १ सम्म आयोजना भएको 3i Management Workshop in the ASOSAI Region विषयक कार्यशालामा कार्यवाहक महालेखापरीक्षक श्री विमला सुवेदीको नेतृत्वमा उप-महालेखापरीक्षक श्री सुकुदेव खत्रीको टोली सहभागी भएको थियो ।

**४. उद्घाटन समारोह**

भारतको नियन्त्रक एवं महालेखापरीक्षकको कार्यालयअर्न्तगत जयपुरमा स्थापना भएको दिगो विकास तथा वातावरणीय लेखापरीक्षण तालिम केन्द्र (IED) को उद्घाटन तथा महालेखापरीक्षकको कार्यालयको समकक्षी पुनरावलोकनसम्बन्धी छलफलमा कार्यवाहक महालेखापरीक्षक श्री विमला सुवेदीको नेतृत्वमा नायव महालेखापरीक्षक श्री बाबुराम गौतमले मई २ देखि ६, २०१३ सम्म भारतको भ्रमण गर्नुभयो ।

**५.बैदेशिक तालिम, गोष्ठीमा सहभागिता**

Centre for Budgeting and Governmence Accountability (CBGA)/ International Budget Partnership (IBP)ले संयुक्त रुपमा २०१३ फेब्रुअरी १४ देखि १५ सम्म भारतको नयाँ दिल्लीमा आयोजना गरेको South Asia Regional Launch of the Open Budget Survey (OBS)मा नायव महालेखापरीक्षक श्री मोहदत्त तिमिल्सिना सहभागी हुनुभयो ।

- नेपाली सेना, कल्याणकारी निर्देशनालयको कार्यक्रम अनुसार निर्देशक श्री विष्णुप्रसाद तिमिल्सिना नेपाली सेनाको टोलीसँग सि. ओ. ई. निरीक्षणको लागि लेबनानको भ्रमण गर्नुभयो ।

- नेपाल सरकार अर्थ मन्त्रालयको कार्यक्रम बमोजिम २०१३ अप्रील ११ देखि १७ सम्म चीनको बेइजिङ्गमा आयोजना भएको Seminar on Governance Capability for Ministers and Secretariesविषयक सेमिनारमा उप-महालेखापरीक्षक श्री सुकुदेव खत्री सहभागी हुनुभयो ।

- नेपाल सरकार अर्थ मन्त्रालयको कार्यक्रम अनुसार २०१३ मार्च १३ देखि २ अप्रिल सम्म चीनको बेइजिङ्गमा आयोजना भएको Seminar on the Administration of Public Financing and State Treasury Systemविषयक सेमिनारमा लेखापरीक्षण अधिकारी श्री परशुराम न्यौपाने सहभागी हुनुभयो ।

- नेपाल सरकार शिक्षा मन्त्रालयको कार्यक्रम अनुसारUSAIDNepalको आयोजनामा २०१३ अप्रील २८ देखि मे ४ सम्म भारतको नयांदिल्ली आयोजना भएको Nepal National Early Grade Reading Programविषयक StudyTourमा निर्देशक श्री अजयकुमार सापकोटा सहभागी हुनुभयो ।

- नेपाल सरकार कृषि विकास मन्त्रालय मार्फत २०७० वैशाख १० (तदनुसार २३ अप्रिल, २०१३) देखि एक हप्तासम्म इन्डोनेशिया तथा मलेसियामा सञ्चालन भएको अध्ययन अवलोकन भ्रमण कार्यक्रममा निर्देशक श्री बलबहादुर कार्की सहभागी हुनुभयो ।

- बोर्ड अफ अडिट जापानको आयोजनामा सन् २०१३ जुन १७ देखि २८ सम्म जापानको टोकियोमा आयोजना भएको कार्यमूलक लेखापरीक्षणसम्बन्धी कार्यशालाको प्रशिक्षक डिजाइन बैठकमा निर्देशक श्री चन्द्रकान्त भण्डारी सहभागी हुनुभयो ।

- सार्क सचिवालय, सार्क जापान विशेष कोष र सार्कका क्षेत्रीयय केन्द्रहरूको सन् २०१२ को लेखापरीक्षण गर्ने कार्यको लागि गठन भएको संयुक्त अडिट टिममा निर्देशक श्री भवनाथ दाहाल सहभागी हुनुभयो ।

- नेपाल सरकार, अर्थ मन्त्रालयको कार्यक्रमबमोजिम २०१३ जुन ५ देखि २५ सम्म चीनको बेइजिङ्गमा आयोजना भएको Seminar on Global Economic Reform for Developing Countriesविषयक सेमिनारमा निर्देशक श्री नारायणप्रसाद पराजुली सहभागी हुनुभयो ।

- श्रीलङ्काको सर्वोच्च लेखापरीक्षण संस्था स्थापना भएको २१४ वर्ष पुरा भएको उपलक्ष्यमा २०१३ जुलाई २५ देखि २६ सम्म आयोजना गरेको SAIs: Meeting Higher Expectationsविषयक कार्यक्रममा नायव महालेखापरीक्षकद्वय श्री जनकराज गौतम र श्री उद्धवचन्द्र श्रेष्ठ सहभागी हुनुभयो ।

- कृषि विकास मन्त्रालय अर्न्तगत सञ्चालित व्यवसायिक कृषि तथा व्यापार आयोजना (PACT) को स्वीकृत कार्यक्रम अनुसार भारतको अवलोकन भ्रमणमा निर्देशक श्री गोपीचन्द्र शाही सहभागी हुनुभयो ।

## ६. स्वदेशी गोष्ठी, सेमिनार र तालिममा सहभागिता

- नेपालस्थित एसियाली विकास बैङ्कको कार्यालयले मार्च २१ देखि २५ सम्म आयोजना गरेको Disbursement Seminar मा नायव महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल, निर्देशक श्री छत्रपति निरौला, लेखापरीक्षण अधिकारी श्री हुमनाथ सुवेदी सहभागी हुनुभयो ।

- महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र जेमसीप/जाइका नेपालको संयुक्त आयोजनामा मिति २०६९ फाल्गुण २२ र २३ गते नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा सञ्चालन भएको लैङ्गिक मूल प्रवाहीकरण तथा सामाजिक समावेशीकरण कार्यशालामा लेखापरीक्षण अधिकारी श्री कल्पना अर्याल सहभागी हुनुभयो ।

- सामान्य प्रशासन मन्त्रालयले मिति २०६९ फाल्गुण १८ गते आयोजना गरेको निजामती कर्मचारी तालिम नीति, २०६९ को मस्यौदा तथा सबैका लागि तालिम (TFA)सम्बन्धी अर्न्तक्रिया कार्यक्रममा निर्देशक श्री घनश्याम पराजुली सहभागी हुनुभयो ।

- महालेखा नियन्त्रक कार्यालयले सञ्चालन गरेको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखहरूको क्षेत्रिय गोष्ठीमा देहायका पदाधिकारीहरू सहभागी हुनुभयो :

| पदाधिकारी | स्थान | अवधि |
|---|---|---|
| नायव महालेखापरीक्षक श्री ईश्वर नेपाल | पोखरा, कास्की | २०६९।१२।१५ देखि २०६९।१२।१७ |

| | | |
|---|---|---|
| निर्देशक श्री बामदेव शर्मा अधिकारी | जनकपुर, धनुषा | २०६९।११।२१ देखि २०६९।११।२३ |
| निर्देशक श्री घनश्याम पराजुली | धनगढी, कैलाली | २०६९।११।१४ देखि २०६९।११।१७ |

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालन भएका देहायका तालिममा यस कार्यालयका निम्न कर्मचारीहरू सहभागी हुनुभयो ।

| सि.नं. | तालिमको नाम | सहभागीको नाम | अवधि |
|---|---|---|---|
| १. | Late Career Management | निर्देशक श्री अर्जुनदाश श्रेष्ठ<br>निर्देशक श्री कृष्णबहादुर राना | २०६९।१०।०८ देखि २०६९।१०।१२ सम्म |
| २. | Financial Management | लेखापरीक्षण अधिकारी श्री कल्पना अर्याल<br>लेखापरीक्षण अधिकारी श्री कल्पना घिमिरे | २०६९।११।१० देखि २०६९।११।१८ सम्म |
| ३. | Training cum Workshop on Learning Capacity of Public Organizations | निर्देशक श्री रामप्रसाद उपाध्याय<br>निर्देशक श्री मात्रिकाप्रसाद घिमिरे | मिति २०६९।११।३० देखि २०६९।१२।२ |
| ४. | Performance Management | निर्देशक श्री घनश्याम काफ्ले<br>लेखापरीक्षण अधिकारी श्री कुमार थापा | २०६९।१२।२३ देखि २०६९।१२।३० सम्म |
| ५. | Training on Strategic Management for Public Organizations | नायव महालेखापरीक्षक श्री रमा दुलाल<br>निर्देशक श्री पशुपतिकुमार काफ्ले | मिति २०७०।१।३१ देखि २०७०।२।६ सम्म |
| ६. | Developing Positive Attitude at Work | नायव महालेखापरीक्षक श्री उद्धवचन्द्र श्रेष्ठ<br>नायव महालेखापरीक्षक श्री राममाया कुवंर | २०७०।२।१३ देखि २०७०।२।१७ सम्म |
| ७. | e-bid Submission | लेखापरीक्षण अधिकारी श्री बैभवदीप श्रेष्ठ | २०७०।२।२० देखि २०७०।२।२२ सम्म |
| ८ | Training-cum Workshop on Emotional Intelligence at Work | निर्देशक श्री खेमप्रसाद शर्मा<br>निर्देशक श्री रविन्द्रप्रसाद देवकोटा | २०७०।२।२१ देखि २०७०।२।२४ सम्म |
| ९ | Inclusive Governance | निर्देशक श्री गोविन्दप्रसाद बराल<br>निर्देशक श्री सुवर्णप्रसाद ढकाल | २०७०।३।१२ देखि २०७०।३।१४ सम्म |

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र Confederation of Asian & Pacific Accountants (CAPA)को संयुक्त आयोजनामा मिति २०६९ फाल्गुण २४ गते सञ्चालन भएको Strengthening Nepal Public Sector Accounting & Auditingविषयक आधा दिनको कन्फेरेन्समा निम्न पदाधिकारी सहभागी हुनुभयो :

| सि.नं. | सहभागी कर्मचारी |
|---|---|
| १. | नायव महालेखापरीक्षक श्री ईश्वरराज श्रेष्ठ |
| २. | नायव महालेखापरीक्षक श्री इश्वर नेपाल |
| ३. | नायव महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल |
| ४. | निर्देशक श्री घनश्याम पराजुली |
| ५. | निर्देशक श्री भवनाथ दाहाल |
| ६. | निर्देशक श्री नारायणप्रसाद पराजुली |
| ७. | निर्देशक श्री पशुपतिकुमार काफ्ले |
| ८. | निर्देशक श्री रविन्द्रप्रसाद देवकोटा |
| ९. | निर्देशक श्री रामप्रसाद उपाध्याय |
| १०. | निर्देशक श्री राजेन्द्रराज ओझा |

- त्यस्तै सोही संस्थाहरूले मिति २०६९ फाल्गुण २५ गते आयोजना गरेकोImproving Public Sector Financial Management Nepal Public Sector Roundtable विषयक बैठकमा निम्न पदाधिकारी सहभागी हुनुभयो :

| सि.नं. | सहभागी कर्मचारी |
|---|---|
| १. | नायव महालेखापरीक्षक श्री ईश्वरराज श्रेष्ठ |
| २. | नायव महालेखापरीक्षक श्री इश्वर नेपाल |

| | |
|---|---|
| ३. | निर्देशक श्री घनश्याम पराजुली |
| ४. | निर्देशक श्री भवनाथ दाहाल |

- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा मध्यमाञ्चल विकास क्षेत्रका जिल्ला विकास समितिको कार्यालयमा कार्यरत आन्तरिक लेखापरीक्षक एवं त्यस क्षेत्रका दर्तावाल लेखापरीक्षकहरूका लागि मिति २०७०।१।२८ देखि २०७०।१।३० सम्म सञ्चालन गरेको सेवाकालिन तालिममा निर्देशक श्री त्रिलोचन आचार्य प्रशिक्षकको रुपमा सहभागी हुनुभयो ।

- नेपाल लेखामान बोर्डले मिति २०७०।२।७ देखि २०७०।२।१० सम्म आयोजना गरेको IFRS विषयक कार्यक्रममा निर्देशक श्री बैकुण्ठबहादुर अधिकारी र निर्देशक श्री लिलाराज ढकाल सहभागी हुनुभयो ।

- सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयले मिति २०७०।२।६ देखि २०७०।२।१७ सम्म नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा आयोजना गरेको प्रशिक्षक प्रशिक्षण (ToT) मा निर्देशक श्री घनश्याम पराजुली सहभागी हुनुभयो ।

- सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति २०७०।२।५ देखि २०७०।२।६ सम्म सञ्चालन गरेको क्षमता अभिबृद्धि तालिम कार्यक्रममा लेखापरीक्षण अधिकारी श्री कुमार थापा र लेखापरीक्षण अधिकारी श्री बैभवदीप श्रेष्ठ सहभागी हुनुभयो ।

- विश्व बैङ्कको नेपालस्थित कार्यालयले मे १७, २०१३ मा आयोजना गरेको Advancing Public Participation in the Audit Process in Nepal विषयक कार्यक्रममा नायव महालेखापरीक्षक श्री जनकराज गौतम, नायव महालेखापरीक्षक श्री बाबुराम गौतम, नायव महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल, निर्देशक श्री रमेश ढकाल र निर्देशक श्री लक्ष्मण आचार्य सहभागी हुनुभयो ।

- नेपाल प्रहरी आन्तरिक लेखापरीक्षण शाखाले सञ्चालन गरेको Computerized Accounting System तथा लेखापाल पुर्नताजगीसम्बन्धी अनुशिक्षण कार्यक्रम अर्न्तगत मिति २०७०।२।१९ मा Prevailing Problems& Solution of Final Audit विषयमा लेखापरीक्षण अधिकारी श्री कृष्णप्रसाद ढुङ्गेल प्रशिक्षकको रुपमा सहभागी हुनुभयो ।

- नेपाल लेखामान बोर्डले मिति २०७०।३।९ देखि २०७०।३।११ सम्म आयोजना गरेको अर्न्तराष्ट्रिय वित्तीय प्रतिवेदनमान ( IFRS) सम्बन्धी प्रशिक्षक प्रशिक्षण (ToT) विषयक तालिममा निर्देशक श्री बैकुण्ठबहादुर अधिकारी, निर्देशक श्री लिलाराज ढकाल र निर्देशक (विशेषज्ञ) श्री कमलप्रसाद सिलवाल सहभागी हुनुभयो ।

- नेपाल आर्थिक पत्रकार समाज (सेजन) र पेफा सचिवालयको संयुक्त आयोजनामा मिति २०७० जेठ २४ र २५ गते सञ्चालन भएको सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वसम्बन्धी क्षमता अभिबृद्धि तालिम कार्यक्रममा निर्देशक श्री घनश्याम पराजुली प्रशिक्षकको रुपमा सहभागी भई Role of Audit and External Scrutiny in PFM System विषयमा कार्यपत्र पेश गर्नुभयो ।

- सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयले मिति २०७०।२।३० देखि २०७०।३।१ सम्म धुलिखेलमा आयोजना गरेको PFM/PEFA सम्बन्धी प्रशिक्षण कार्यक्रममा निर्देशक श्री जिवनप्रसाद सुवेदी र निर्देशक श्री घनश्याम काफ्ले सहभागी हुनुभयो ।

**७. सेवाकालीन तालिम**

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालन भएका देहायका सेवाकालीन तालिममा देहायका कर्मचारीहरू सहभागी हुनुभयो ।

| सि.नं. | तालिमको नाम | सहभागीको नाम | अवधि |
|---|---|---|---|
| १. | Governance & Development | निर्देशक श्री सिताराम सिग्देल<br>निर्देशक श्री ऋषि वहादुर कार्की | २०६९।११।३० देखि<br>२०७०।१।१२ सम्म |
| २. | Professional Course on Management and Development | लेखापरीक्षण अधिकारी श्री भवानीप्रसाद मरासिनी<br>लेखापरीक्षण अधिकारी श्री कल्पना अर्याल | २०६९।१२।१४ देखि<br>२०७०।१।३० सम्म |

## ८. कार्यालयमा सञ्चालित तालिम

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार २०६९ माघ देखि २०७० जेठमसान्त सम्म देहायका तालिम, गोष्ठी, सेमिनार र कार्यशालाहरू आयोजना गरिएको छ :

| सि.नं. | तालिमको नाम | सहभागी संख्या | सञ्चालन मिति |
|---|---|---|---|
| १. | कार्यालयमा कार्यरत ग वर्ग, घ वर्ग का पेशागत प्रमाणपत्र प्राप्त कर्मचारी तथा कार्यालयका अन्य कर्मचारीका लागि निरन्तर पेशागत तालिम (सी.पी.ई.) | १८९ | २०७० वैशाख ३ देखि ५ गतेसम्म |
| २. | कार्यालयमा कार्यरत ख वर्गको पेशागत प्रमाणपत्र प्राप्त कर्मचारीका लागि निरन्तर पेशागत तालिम (सी.पी.ई.) | १८५ | २०७० वैशाख १० देखि १३ सम्म |
| ३. | लेखापरीक्षण सेवामा प्रवेश गर्नु भएका राजपत्र अनङ्कित कर्मचारीहरूको सेवा प्रवेश तालिम | २४ | २०७० वैशाख १६ देखि २३ सम्म |
| ४. | आयोजना हिसाबको लेखापरीक्षण सेमिनार | ४३ | २०७० वैशाख ३१ देखि जेठ २ सम्म |
| ५ | सार्वजनिक निर्माणको लेखापरीक्षण | ४१ | २०७० जेठ १२ देखि १४ सम्म |
| ६. | लेखापरीक्षणमा गुणस्तर नियन्त्रण र गुणस्तर आश्वस्तता | ५२ | २०७० जेठ १९ देखि २१ सम्म |
| ७ | लेखापरीक्षणमा नमूना छनौट | ४४ | २०७० जेठ २२ देखि<br>२०७० जेठ २६ सम्म |
| ८ | राजश्वको लेखापरीक्षण | ४६ | २०७० जेठ २८ देखि<br>२०७० जेठ ३० सम्म |
| ९ | स्थानीय निकायको लेखापरीक्षण | ४२ | २०७० आषाढ २ देखि<br>२०७० आषाढ ४ सम्म |
| १०. | सार्वजनिक खरिदको लेखापरीक्षण | ४९ | २०७० आषाढ ५ देखि<br>२०७० आषाढ ७ सम्म |

## ९. लेखा ढाँचा परिमार्जन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२३ को उपधारा (४) ले दिएको अधिकार प्रयोग गरी महालेखापरीक्षकको मिति २०६९।१०।१४ को निर्णयबाट नेपाल सरकारको लेखा ढाँचामा रहेका म.ले.प.फा.नं. १३, २०४, २०८, २०९, २१०, २११ र २१३ को सट्टा नयां म.ले.प.फा.नं. १३, २०४, २०८, २०९, २१०, २११ र २१३ लागू गर्न स्वीकृति भएको छ। उक्त संशोधित फारामहरू मिति २०६९ माघ २९ गतेको राजपत्रमा प्रकाशन गरिएको छ।

## १०. राय परामर्श

महालेखापरीक्षकको कार्यालयले राय माग भई आएको अवस्थामा राय प्रदान गर्ने कार्य समेत सम्पादन गर्ने गरेको छ । कार्यालयले २०६९ पौषदेखि २०७० आषाढ समान्तसम्ममा माग भई आएका विषयमा राय उपलब्ध गराएको विवरण निम्नानुसार रहेको छ :

| सि.नं. | परामर्श माग गर्ने | माग भएको परामर्श | दिइएको परामर्श |
|---|---|---|---|
| १. | अर्थ मन्त्रालय, अर्न्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | नेपाल सरकार र बिश्व बैङ्क विच हुने Municipal Solid Waste Management Projectसम्झौताको पत्रको मस्यौदामा राय उपलब्ध गराई दिने | आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ (३) मा सबै वैदेशिक सहायता बजेटमा समावेश गर्नुपर्ने प्रावधान रहेकोले उक्त सहायतालाई बजेटमा समावेश गरी सो को लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गर्ने व्यवस्था सम्झौतामा उल्लेख हुनु पर्ने राय प्रदान गरिएको । |
| २. | अर्थ मन्त्रालय, अर्न्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | स्वीट्जरल्याण्ड Strengthening the Accountability of Local Governments Project (SALG) Phase 1राजदुतावासबाट प्रदान गर्ने द्धिपक्षीय सम्झौताको मस्यौदामा सहमति दिने | आयोजनाकोलेखापरीक्षण महालेखापरीक्षकको कार्यालय तथा चार्टर्ड एकाउन्टेन्ट्सबाट गराउने व्यवस्थाको सट्टा महालेखापरीक्षकको कार्यालयबाट मात्र गराउने तथा कुनै विषयमा महालेखापरीक्षकले थप प्रतिवेदन दिनु पर्ने भए सो समेत सम्झौतामा उल्लेख हुनु पर्ने राय प्रदान गरिएको । |
| ३. | अर्थ मन्त्रालय, अर्न्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | विश्व बैङ्कसँग हुने Pilot Program for Climate Resilience: Building Resilience to Climate-Related Hazzards Projectसम्झौताको मस्यौदामा सहमति दिने | आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ (३) मा सबै वैदेशिक सहायता बजेटमा समावेश गर्नु पर्ने प्रावधान रहेकोले उक्त सहायतालाई बजेटमा समावेश गरी सो को लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गर्ने व्यवस्था सम्झौतामा उल्लेख हुनु पर्ने राय प्रदान गरिएको । |
| ४. | अर्थ मन्त्रालय, अर्न्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | आई.डि.ए.सँग हुने Additional Financing for School Sector Reform Programसम्झौताको मस्यौदामा सहमति दिने | आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ (३) मा सबै वैदेशिक सहायता बजेटमा समावेश गर्नु पर्ने प्रावधान रहेकोले उक्त सहायतालाई बजेटमा समावेश गरी सो को लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गर्ने व्यवस्था सम्झौतामा उल्लेख हुनु पर्ने राय प्रदान गरिएको । |
| ५. | अर्थ मन्त्रालय, अर्न्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | फिनल्याण्ड दुतावास सँग हुने Rural Water supply and Sanitation Project IIसम्झौताको मस्यौदामा सहमति दिने | आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ (३) मा सबै वैदेशिक सहायता बजेटमा समावेश गर्नु पर्ने प्रावधान रहेकोले उक्त सहायतालाई बजेटमा समावेश गरी सो को लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गर्ने व्यवस्था सम्झौतामा उल्लेख हुनु पर्ने राय प्रदान गरिएको । |
| ६. | अर्थ मन्त्रालय, अर्न्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | एसियाली विकास बैङ्कसँग हुने Skills Development Projectsf] Agreed Minutes of Negotiationको मस्यौदामा सहमति दिने | संलग्न GrantAgreement को 4.03 मा लेखापरीक्षण स्वतन्त्र लेखापरीक्षकबाट हुने व्यवस्था प्रस्ताव भएकोमा 7 May, 2013 मा भएको minutes of Negotiations बाट स्वतन्त्र लेखापरीक्षकमा महालेखापरीक्षकको कार्यालयलाई मान्यता दिएको देखिएकोले वार्तामा भएको सहमति अनुसार महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुने विषय सम्झौतामा नै समावेश गर्नुपर्ने राय प्रदान गरिएको । |

- लेखामान बोर्ड अर्न्तगतको लेखामान विकास, संशोधन तथा परिमार्जन प्राविधिक समितिबाट अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन तथा अन्तर्राष्ट्रिय लेखामान सन् २०१२ को आधारमा हाल प्रचलित नेपाल लेखामानहरूलाई परिमार्जन गरी अर्न्तराष्ट्रिय वित्तीय प्रतिवेदन तथा अर्न्तराष्ट्रिय लेखामान अनुरुप तयार गरिएका विभिन्न ३६ वटा नेपाल वित्तीय प्रतिवेदनमान वा नेपाल लेखामानहरू उपर कार्यालयबाट सुझाव वा प्रतिकृया उपलब्ध गराइएको छ ।

## ११. अन्य सहभागिता

- नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन प्रबर्द्धन शाखाले आर्थिक वर्ष २०६९।७० मा आन्तरिक पर्यटन प्रबर्द्धन गर्नको लागि सञ्चालन गरेको LeaveTourism कार्यक्रममा निर्देशक श्री नारायणप्रसाद पराजुली सहभागी हुनुभयो ।

- नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०६९।१२।२० को पत्रानुसार मिति २०६९।१२।२१ देखि ल्होत्से हिमाल आरोहण टोलीको सम्पर्क अधिकृतको रुपमा लेखापरीक्षण अधिकारी श्री जीवनकुमार मल्ल सहभागी हुनुभयो ।

- नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यस आर्थिक वर्षमा खटाउने हिमाल आरोहण टोलीको सम्पर्क अधिकृतको रुपमा व्यक्तिगत रुपमा समावेश हुनको लागि निर्देशक श्री ताराप्रसाद पाण्डे र लेखापरीक्षण अधिक्षक श्री कृष्णप्रसाद दाहाललाई सहमति प्रदान गरिएको छ ।

## १२. नयाँ नियुक्ति

- नेपाल सरकार सचिवस्तरको मिति २०७०।२।१६ को निर्णयबमोजिम मैदी-९, धादिङ्ग स्थायी ठेगाना भएका श्री कमलप्रसाद सिलवाल २०७०।२।१६ देखि ज्येष्ठता कायम हुने गरी नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक ( विशेषज्ञ) पदमा नियुक्ति हुनुभई मिति २०७०।२।१७ गतेदेखि पदस्थापन हुनुभएको छ ।

- लोक सेवा आयोगको मिति २०६९।८।१२ को सिफारिश अनुसार इश्वरपुर-१, सर्लाही स्थायी ठेगाना भएका श्री शिवहरि पोखरेल नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा नियुक्त भई यस कार्यालयमा मिति २०६९।१२।०९ देखि पदस्थापन एवं बहाल हुनुभएको छ ।

- लोक सेवा आयोगको मिति २०६९।१०।०२ को सिफारिश अनुसार देहायका व्यक्तिहरू नेपाल लेखापरीक्षण सेवाको राजपत्र अनङ्कित प्रथम श्रेणीको लेखापरीक्षण अधीक्षक पदमा नियुक्त हुनुभई पदस्थापन हुनुभएको छ ।

| क.सं. | नाम थर | स्थायी ठेगाना | बहाल मिति |
|---|---|---|---|
| १ | श्री सुनिलकुमार यादव | सुन्दरपुर-८, महोत्तरी | २०६९।९।२६ |
| २ | श्री शंकर ढकाल | फापरथुम-४, स्याङजा | २०६९।१०।४ |
| ३ | श्री शिव कोइराला | बराङदी-८, पाल्पा | २०६९।१०।४ |
| ४ | श्री विष्णुकुमार महत | महादेवस्थान-६, काठमाण्डौ | २०६९।१०।४ |

- लोक सेवा आयोगको सिफारिश अनुसार देहायका व्यक्तिहरू नेपाल लेखापरीक्षण सेवाको राजपत्र अनङ्कित द्वितीय श्रेणीको लेखापरीक्षण निरीक्षक पदमा नियुक्त हुनुभई पदस्थापन हुनुभएको छ ।

| क.सं. | नाम थर | स्थायी ठेगाना | सिफारिश मिति | बहाल मिति |
|---|---|---|---|---|
| १ | श्री सहनशीला पुडासैनी | भद्रवास- ६, काठमाण्डौं | २०६९।१०।४ | २०६९।१०।८ |
| २ | श्री प्रकाश बसेल | मालर- ४, नवलपरासी | २०६९।१०।४ | २०६९।१०।७ |
| ३ | श्री अच्युत पन्त | फूजेल- ५, गोरखा | २०६९।१०।१७ | २०६९।१०।१७ |
| ४ | श्री विजया खतिवडा | कुम्पुर -५, धादिङ्ग | २०६९।१०।१९ | २०६९।१०।२१ |
| ५ | श्री सन्तोष ढकाल | महेशपुर- ८, झापा | २०६९।१०।१७ | २०६९।१०।२३ |
| ६ | श्री सुरक्षा पोखरेल | भाटखोला - ९, स्याङ्जा | २०६९।११।१८ | २०६९।११।२० |
| ७ | श्री गणेशकुमार श्रेष्ठ | पालुम्टार- -७, गोरखा | २०६९।११।१८ | २०६९।११।२० |
| ८ | श्री राजु नेपाल | चिदिपानी -८, पाल्पा | २०६९।१२।२ | २०६९।१२।४ |
| ९ | श्री विष्णु सापकोटा | खैरीचन्दनपुर -७, बर्दिया | २०६९।१२।२ | २०६९।१२।४ |

- लोक सेवा आयोगको मिति २०६९।१०।२५ र २०६९।११।४ को सिफारिश अनुसार देहायका व्यक्तिहरू नेपाल लेखापरीक्षण सेवाको राजपत्र अनङ्कित द्वितीय श्रेणीको सहायक कम्प्युटर अपरेटर पदमा नियुक्त हुनुभई पदस्थापन हुनुभएको छ ।

| क्र.सं. | नाम थर | स्थायी ठेगाना | बहाल मिति |
|---|---|---|---|
| १ | श्री तारा गिरी | अमरपुर- ९, गुल्मी | २०६९।१०।२८ |
| २ | श्री इन्द्रकुमार श्रेष्ठ | लांकुरीडांडा -६ दोलखा | २०६९।१०।२८ |
| ३ | श्री दिलीपकुमार ठाकुर | खजुरगाछी -६, झापा | २०६९।११।२८ |
| ४ | श्री ललित नेगी | खिराल्डी -८, बझाङ्ग | २०६९।१०।२८ |
| ५ | श्री सुशिल काफ्ले | मेचीनगर -४, झापा | २०६९।१०।२८ |
| ६ | श्री विनोद शर्मा | सुनवल -१, नवलपरासी | २०६९।१०।२८ |
| ७ | श्री गणेश बि.क. | फेदीखोला -२, स्याङ्जा | २०६९।११।१ |
| ८ | श्री सरोज उपाध्याय | चापागांउ - ९, ललितपुर | २०६९।१०।२८ |
| ९ | श्री देव नारायण यादव | पडौल- २, महोत्तरी | २०६९।११।६ |

१३. बढुवा नियुक्ति

- नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६९।१२।०६ को निर्णयबमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक पदमा कार्यरत निम्न कर्मचारीहरू २०६९।१२।२ देखि ज्येष्ठता कायम हुने गरी नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको नायव महालेखापरीक्षक पदमा बढुवा नियुक्त हुनुभई पदस्थापन हुनुभएको छ ।

| क्र.सं | नाम थर | क्र.सं | नाम थर |
|---|---|---|---|
| १ | श्री दिवाकरप्रसाद आचार्य | २ | श्री विश्वनाथ रेग्मी |
| ३ | श्री रमा दुलाल | | |

- नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६९।१२।१६ को निर्णयबमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक पदमा कार्यरत श्री राममाया खडका कुँवर २०६९।१२।०६ देखि ज्येष्ठता कायम हुने गरी नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको नायव महालेखापरीक्षक पदमा नियुक्ति हुनुभई पदस्थापन हुनुभएको छ ।

- नेपाल सरकार सचिवस्तरको मिति २०६९।११।०२ को निर्णयबमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारीको पदमा कार्यरत निम्न कर्मचारीहरू निजामती सेवा ऐन, २०४९ को दफा २४ घ १ बमोजिम २०६९।१०।१ देखि ज्येष्ठता कायम हुने गरी नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक ( विशेष) पदमा बढुवा हुनुभई पदस्थापन हुनुभएको छ ।

| क्र.सं | नाम थर | क्र.सं | नाम थर |
|---|---|---|---|
| १ | श्री ललीतबहादुर शाक्य | २ | श्री लक्ष्मण आचार्य |
| ३ | श्री दिव्य दर्शन अधिकारी | ४ | श्री कृष्णप्रसाद रेग्मी |
| ५ | श्री विश्वराम त्वाती | ६ | श्री ध्रुवराज भुषाल |
| ७ | श्री टिकाराम श्रेष्ठ | | |

- नेपाल सरकार सचिवस्तरको मिति २०६९।१२।२९ को निर्णयबमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारीको पदमा कार्यरत निम्न कर्मचारीहरू २०६९।१२।२३ देखि ज्येष्ठता कायम हुने गरी नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बढुवा हुनुभई पदस्थापन हुनुभएको छ ।

| क्र.सं | नाम थर | क्र.सं | नाम थर |
|---|---|---|---|
| १ | श्री परशुराम न्यौपाने | २ | श्री अजयकुमार सापकोटा |
| ३ | श्री लिलाराज ढकाल | ४ | श्री मोहनकुमार पराजुली |

- नेपाल सरकार सचिवस्तरको मिति २०७०।२।१३ को निर्णयबमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारीको पदमा कार्यरत निम्न कर्मचारीहरू २०७०।२।१३ देखि ज्येष्ठता कायम हुने गरी नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बढुवा हुनुभई पदस्थापन हुनुभएको छ ।

| क्र.सं | नाम थर | क्र.सं | नाम थर |
|---|---|---|---|
| १ | श्री थवराज अधिकारी | २ | श्री शंकरप्रसाद पन्थी |

- नेपाल सरकार सचिवस्तरको मिति २०७०।०१।२० को निर्णयबमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी (विशेष) पदमा कार्यरत श्री भोजराज अधिकारी निजामती सेवा ऐन, २०४९ बमोजिम २०७०।०१।२२ देखि नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा समायोजन हुनुभई पदस्थापन हुनुभएको छ ।
- नेपाल सरकार सचिवस्तरको मिति २०६९।११।०२ को निर्णयबमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्र अनङ्कित प्रथम श्रेणीको लेखापरीक्षण अधिक्षक पदमा कार्यरत श्री रन्जितकुमार भट्ट निजामती सेवा ऐन, २०४९ को दफा २४ घ १ बमोजिम २०६९।१०।१ देखि ज्येष्ठता कायम हुने गरी नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा हुनुभई पदस्थापन हुनुभएको छ ।
- नेपाल सरकार बढुवा समितिको मिति २०७०।२।२१ को निर्णयबमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्र अनङ्कित द्वितीय श्रेणीको लेखापरीक्षण निरीक्षक पदमा कार्यरत देहायका कर्मचारीहरू २०७०।२।१७ देखि ज्येष्ठता कायम हुने गरी नेपाल लेखापरीक्षण सेवाको राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा नियुक्ति हुनुभई पदस्थापन हुनुभएको छ ।

| क.सं | नाम थर | क.सं | नाम थर |
|---|---|---|---|
| १ | श्री कृष्णबहादुर खत्री | २ | श्री पर्शुराम पोखरेल |
| ३ | श्री दिनेश चौधरी | ४ | श्री दुर्गानारायण श्रेष्ठ |

## १४. अनिवार्य अवकाश

नेपाल लेखापरीक्षण सेवामा कार्यरत निम्न पदाधिकारीहरू उमेरको हदले निजामती सेवाबाट अवकाश हुनुभएको छ :

| क.सं. | नाम थर | साविकको पद | अवकाश मिति |
|---|---|---|---|
| १ | श्री कृष्णप्रसाद काफ्ले | निर्देशक | २०६९।०४।०१ |
| २ | श्री थानेश्वर ढकाल | निर्देशक | २०६९।११।०९ |
| ३ | श्री देव वहादुर बोहरा | उप महालेखापरीक्षक | २०६९।१२।०४ |
| ४ | श्री मनोजकुमार भण्डारी | नायव महालेखापरीक्षक | २०६९।१२।११ |
| ५ | श्री ज्ञानीराज कारंजीत | लेखापरीक्षण अधिकारी | २०६९।१२।१८ |
| ६ | श्री सोमराज पोखरेल | उप-महालेखापरीक्षक | २०७०।०१।०४ |
| ७ | श्री कृष्णबहादुर राना | निर्देशक | २०७०।०२।१६ |
| ८ | श्री अर्जुनदाश श्रेष्ठ | निर्देशक | २०७०।०३।०३ |

## १५. स्वेच्छिक अवकाश

- नेपाल लेखापरीक्षण सेवा अर्न्तगत राजपत्र अनङ्कित द्धितिय श्रेणीको लेखापरीक्षण निरीक्षक पदमा कार्यरत श्री विसमिल्लाह अन्सारीले मिति २०७०।०२।०१ देखि लागू हुने गरी स्वेच्छिक अवकाश लिनु भएको छ ।
- नेपाल लेखापरीक्षण सेवा अर्न्तगत कार्यालय सहयोगी (पाँचौ स्तर) मा कार्यरत श्री लुरे मगरले मिति २०६९।१०।०८ देखि लागू हुने गरी स्वेच्छिक अवकाश लिनु भएको छ ।

## १६. रमाना

नेपाल लेखापरीक्षण सेवाको निम्न पदमा कार्यरत कर्मचारीहरू यस कार्यालयबाट रमाना लिई नेपाल प्रशासन सेवामा जानु भएको छ :

| क.सं. | नाम थर | साविकको पद | रमाना भई जानु भएको पद | रमाना मिति |
|---|---|---|---|---|
| १. | श्री कमला काफ्ले | लेखापरीक्षण निरीक्षक | नायब सुब्बा | २०६९।०९।२४ |
| २. | श्री युवनाथ अधिकारी | लेखापरीक्षण निरीक्षक | लेखापाल | २०६९।१०।१९ |
| ३. | श्री सन्तोष नेपाली | लेखापरीक्षण निरीक्षक | नायब सुब्बा | २०६९।०९।२३ |
| ४. | श्री माधव वाग्ले | लेखापरीक्षण निरीक्षक | नायब सुब्बा | २०६९।१०।०७ |

## १७. अध्ययनमा छनौट

- नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयको आर्थिक वर्ष २०६९।७० को वार्षिक कार्यक्रम अनुसार शैक्षिक सत्र २०१३-२०१४ मा नेपाल व्यवस्थापन सङ्घको Management Development Campus (MAN-MDC)मा सञ्चालन हुने

दुई वर्षे (४ सेमेष्टर) को Executive Master of Business Administration (EMBA)अध्ययन गर्न लेखापरीक्षण अधिकारी श्री कल्पना अर्याल सामान्य प्रशासन मन्त्रालयको निर्णयबाट छनौट हुनुभएको छ ।

## १८. निर्देशन जारी

नेपालको अन्तरिम संविधान, २०६३, लेखापरीक्षण ऐन, २०४८ तथा अन्य प्रचलित कानून बमोजिम महालेखापरीक्षकको कार्यालयलाई सुम्पिएको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न मिति २०६९ पौष देखि २०७० जेठमसान्त सम्ममा निम्न बमोजिमका निर्देशनहरू जारी गरिएका छन :

| सि.नं. | निर्देशनको नाम | स्वीकृत मिति |
|---|---|---|
| १ | राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्ने सम्बन्धमा | २०६९।१२।१५ |
| २ | आयोजना लेखापरीक्षण प्रतिवेदन जारी गर्ने सम्बन्धमा | २०६९।१२।१५ |
| ३ | सामयिक लेखापरीक्षण कार्यविधि-२०७० | २०७०।२।१६ |

## १९. समिति गठन

- महालेखापरीक्षकको कार्यालयले कार्यान्वयनमा ल्याएको गुणस्तर आश्वस्तता पुनरावलोकन निर्देशिका, २०६९ को दफा २.५.१ मा उल्लेख भएका कार्यसम्पादन गर्नको लागि कार्यवाहक महालेखापरीक्षकज्यूको २०६९।१०।१८ को निर्णयबमोजिम उप-महालेखापरीक्षकको संयोजकत्वमा नायव महालेखापरीक्षक जनशक्ति विकास तथा अर्न्तराष्ट्रिय सम्बन्ध महानिर्देशनालय र नायव महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल र निर्देशक श्री बिन्दु विष्ट सदस्य एवं निर्देशक गुणस्तर आश्वस्तता, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम तथा संसदीय सम्पर्क निर्देशनालय सदस्य-सचिव रहेको गुणस्तर आश्वस्तता समितिको गठन भएको छ ।

- महालेखापरीक्षकको कार्यालयले कार्यान्वयनमा ल्याएको रणनैतिक योजना २०१३-२०१५ को परिच्छेद ९ मा भएको व्यवस्था अनुसारका कार्य (Role & Responsibility)सम्पादन गर्नको लागि कार्यवाहक महालेखापरीक्षकज्यूको २०६९।११।२० को निणंय बमोजिम उप-महालेखापरीक्षक श्री सुकुदेव खत्री संयोजक तथा नायव महालेखापरीक्षक व्यवस्थापन/जनशक्ति विकास तथा आर्न्तराष्ट्रिय सम्बन्ध महानिर्देशनालय, नायव महालेखापरीक्षक महालेखापरीक्षकको कार्यालय सुदृढीकरण आयोजना, नायव महालेखापरीक्षक श्री ईश्वर नेपाल र नायव महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल सदस्य एवं निर्देशक जनशक्ति विकास तथा अर्न्तराष्ट्रिय सम्बन्ध निर्देशनालय सदस्य-सचिव रहेको निर्देशक समिति (Steering Committee) को गठन भएको छ ।

- कार्यवाहक महालेखापरीक्षकज्यूको समुपस्थितिमा मिति २०७०।०१।१६ मा बसेको पदाधिकारीहरूको बैठकबाट नायव महालेखापरीक्षक श्री मोहदत्त तिमिल्सिनाको संयोजकत्वमा नायव महालेखापरीक्षक श्री ईश्वरराज श्रेष्ठ, नायव महालेखापरीक्षक श्री बाबुराम गौतम, नायव महालेखापरीक्षकहरू श्री ईश्वर नेपाल, श्री रामुप्रसाद डोटेल एवं निर्देशकहरू श्री त्रिलोचन आचार्य, श्री बामदेव शर्मा अधिकारी, श्री बैकुण्ठबहादुर अधिकारी, श्री शम्भुकुमार श्रेष्ठ र श्री रामप्रसाद उपाध्याय सदस्य तथा निर्देशक घनश्याम पराजुली सदस्य-सचिव रहेको आर्थिक वर्ष २०६९।७० को लेखापरीक्षणका लागि लेखापरीक्षणको तरिका, पद्दति तथा जनशक्ति एवं कार्यप्रक्रिया व्यवस्थापन लगायतका विषयहरू समावेश गरी वार्षिक लेखापरीक्षण योजना तयार गरी पेश गर्ने समिति गठन भएको छ ।

# आभार

"लेखापरीक्षण पत्रिका" महालेखापरीक्षकको कार्यालयको नियमित प्रकाशन हो । अर्ध-वार्षिक रुपमा प्रकाशन हुँदै आएको "लेखापरीक्षण पत्रिका"को वर्ष ३१, अङ्क ७७ यहाँहरूको हातमा छ । यस अङ्कमा सार्वजनिक वित्त व्यवस्थापनका महत्वपूर्ण विषयहरू लेखा, राजश्व, सरकारी लेखापरीक्षण, लेखापरीक्षण मानदण्डका अलावा सार्वजनिक खरिद, आयोजना व्यवस्थापन, सम्पत्ति शुद्धिकरण, सुशासन, व्यवस्थापन परिक्षण लगायत सार्वजनिक प्रशासनसँग सम्बन्धित रहेका सान्दर्भिक, अनुसन्धानमुलक, विश्लेषणात्मक तथा उपयोगी हुने विषयवस्तुमा केन्द्रित रहेका लेख रचनाहरु समावेश गरिएको छ । पत्रिकामा समावेश गरिएका विषयवस्तुहरूबाट वित्त व्यवस्थापनका क्षेत्रमा संलग्न रहनेलाई नियमित कार्यसम्पादनका सिलसिलामा एवं जिज्ञासु पाठक वर्गका लागि ज्ञान अभिवृद्धिमा सहयोगी सिद्ध हुने आशा लिएका छौ । हाम्रो आग्रहलाई स्वीकार गरी लेख रचना उपलब्ध गराउने विद्वान लेखकहरू प्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत सहयोग, सदभाव र सहकार्यको अपेक्षा गर्दछौं ।

मूल रुपमा ६ खण्डमा विभाजीत यस अङ्कको प्रथम खण्डमा नेपाली भाषाका लेख रचनाहरू, दोश्रो खण्डमा अङ्ग्रेजी भाषाका लेख रचनाहरू, तेश्रो खण्डमा पदाधिकारी परिचय, चौथो खण्डमा महालेखापरीक्षकको पचासौं वार्षिक प्रतिवेदनको सारसंक्षेप, पाचौं खण्डमा आर्थिक वर्ष २०६९ पौषपश्चात कार्यालय अन्तर्गत भएका सामयिक एवं महत्वपूर्ण गतिविधिहरू र अन्तिम खण्डमा परिमार्जित नयाँ लेखा ढाँचाहरू प्रस्तुत गरिएको छ ।

पत्रिकामा प्रकाशित लेख तथा रचना सम्बिन्धित लेखकका दृष्टिकोण, धारणा वा निजी विचार भएकोले यसले महालेखापरीक्षकको कार्यालयको प्रतिनिधित्व गर्दैनन् । तसर्थ, लेख तथा रचना सम्वन्धमा प्रमाणको भार **(Burden of proof)** सम्वन्धित लेखकमा नै निहित रहनेछ ।

लेखकको विचार तथा पाठकको प्रतिक्रियालाई हामी उच्च मूल्याङ्कन गर्दछौ । भविष्यमा समेत मौलिक, उत्कृष्ट, अनुसन्धानात्मक, विश्लेषणात्मक, एवं ज्ञानवर्द्धक लेख रचनाका साथमा पत्रिकाको परिमार्जन हेतु सुझावहरू प्राप्त भैरहनेमा विश्वस्त छौं । निरन्तरको प्रयास, सजगता एवं क्रियाशिलताका वाबजुद प्रकाशनमा रहेका सिमिततालाई आगामी अङ्कमा सुधार गर्दै जान हामी प्रतिवद्ध छौ ।

धन्यवाद

# Nepalese Journal of Government Auditing

The objective of this journal is to highlight different aspects of auditing, financial administration of Government of Nepal, Public Sector and provide information regarding the activities of the Office of the Auditor General. Besides, it attempts to throw light on the financial management system of public enterprises.

Everybody is welcome to send in thought-provoking and research oriented articles for the journal.

The opinion expressed in this journal belongs to the personal views of the writer. They do not reflect the policies & views of the Office of the Auditor General of Nepal.

The Journal is published twice a year.


**Patron**

Auditor General Mr. Bhanuprasad Acharya

**Editorial Board**

| | |
|---|---|
| Ms. Bimala Subedi | Co-ordinator |
| Mr. Sukudev Khatri | Member |
| Ms. Rama Dulal | Member |
| Mr. Ghanshyam Parajuli | Executive Editor |
| Ms. Kalpana Aryal | Co-editor |
| Mr. Santosh Sapkota | Co-editor |

**Computer Layout & Design**

Mr. Sushil Kafle

**Distribution**

Ms. Urmila Upreti, Mr. Badrinath Adhikari



**Published by:**
Office of the Auditor General,
Babar Mahal, Kathmandu, Nepal.

**Subscription Rate**
Single Copy Rs.50/-

# लेखक एवं पाठकवर्गमा अनुरोध

१. लेखापरीक्षण पत्रिका अर्ध-वार्षिक रुपमा प्रकाशन गरिन्छ ।

२. यस पत्रिकामा लेखापरीक्षण, आर्थिक प्रशासन एवं सार्वजनिक प्रशासनसँग सम्बन्धित लेखहरू प्रकाशित गरिन्छ ।

३. पत्रिकाको लागि लेख रचना पठाउँदा ए-फोर **(A4)** साइजको कागजमा **Preeti( Font Size 14)** र **Times New Roman (Font size 12)** फन्टमा टाइप गरिएको ५ देखी ८ पृष्ठसम्मको हुनुपर्दछ ।

४. लेखकले लेखसँगै लेखको डिजिटल कपी बुझाउनु पर्नेछ ।

५. अन्यत्र प्रकाशित भैसकेका लेख रचनाहरू प्रकाशित गरिने छैन ।

६. प्रकाशित लेखका लागि तोकिएको दरमा पारिश्रमिक उपलब्ध गराइनेछ ।

७. अस्वीकृत एवं कुनै कारणवश प्रकाशन नगरिएका लेखहरू फिर्ता गरिने छैन ।

८. पत्रिकामा प्रकाशित लेखहरूमा व्यक्त विचार सम्बन्धमा सम्पूर्ण दायित्व लेखकमा नै निहित हुनेछ । जसले कार्यालयको नीति एवं कामको आधिकारीक प्रतिनिधित्व गर्ने छैन ।

९. लेखापरीक्षण कार्यलाई उपयोगी हुने लेख रचनालाई प्रकाशनमा प्राथमिकता दिइनेछ ।

१०. पत्रिकामा प्रकाशित लेख तथा अन्य विषयमा पाठक प्रतिक्रियाको स्वागत गरिनेछ ।

११. पत्रिकाका लागि लेख निम्न ठेगानामा पठाउन सकिनेछ ।

फो.नं. : ४-२६२३८१
४-२६२४१५
४-२६२६४९
फ्याक्स : ९७७-१-४-२६२७९८
इमेल : info@oagnep.gov.np
वेभ साईट : www.oagnep.gov.np
नोटिस बोर्ड सर्भिस : १६१८०१४२५३२७०

सम्पादक मण्डल
लेखापरीक्षण पत्रिका
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाण्डौ ।

---

मुद्रणः